# पशु सेवा सम्बन्धी आयोजना अवधारणा पत्र आह्वान र पुरस्कृत गर्ने सम्बन्धी कार्यविधि, २०७२

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

**प्रस्तावनाः**

पशुपालन व्यवसायलाई उन्नत, व्यवस्थित र व्यवसायिक बनाउँदै लैजानका लागि आधुनिक प्रविधिहरुको पहिचान र व्यवहारिक तथा समय सापेक्ष रूपमा कृषकहरूको माग सम्बोधन गर्ने खालका कार्यक्रमहरु संचालन गर्नुपर्ने आवश्यकता बढेको छ । नेपालको समग्र पशुपालन क्षेत्रको व्यवसायीकरण, पशुपंक्षी तथा पशुजन्य उत्पादन विविधिकरण, बजारीकरण तथा भौगोलिक परिवेशले उपलब्ध गराएको तुलनात्मक लाभका अवसरहरूबाट लाभान्वित हुँदै कृषकहरुको परम्परागत ज्ञान तथा अनुभव र आधुनिक प्रविधिबीचको तादात्म्यता मिलाई पशुपालन व्यवसायको दिगोपन र देशको समग्र आर्थिक समृद्धि हासिल गर्ने सन्दर्भमा पशु सेवा सम्बन्धी अध्ययन, अनुसन्धान तथा नविन एवं उत्कृष्ट अवधारणाहरूलाई कार्यक्रममा रूपान्तरण गरी संचालन गर्न सकियोस् भन्ने हेतुले आयोजना अवधारणा पत्रहरुको संग्रह (PCN Bank) को स्थापना र अद्यावधिक गर्ने उद्देश्यले पशु सेवा विभागले पशु सेवा सम्बन्धी आयोजना अवधारणा पत्र आह्वान र पुरस्कृत गर्ने कार्यविधि २०७२ तर्जुमा गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "पशु सेवा सम्बन्धी आयोजना अवधारणा पत्र आव्हान र पुरस्कृत गर्ने सम्बन्धि कार्यविधि, २०७२" हुनेछ ।

(ख) यो कार्यविधि नेपाल सरकार, कृषि विकास मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आयोजना अवधारणा पत्र" भन्नाले पशु सेवा विभागले तय गरेको विषयसँग सम्बन्धित विषयगत क्षेत्रहरु (Thematic Areas) मा निर्धारित ढाँचा मुताबिक तयार गरिएको आयोजना अवधारणा पत्र सम्झनु पर्दछ ।

(ख) "आवेदक" भन्नाले आयोजना अवधारणा पत्र पेश गर्ने व्यक्ति, फर्म, कम्पनी, व्यवसायिक संघसंस्था, पेशागत संगठन, सरकारी तथा गैर सरकारी निकाय, शैक्षिक संस्था, सहकारी, कृषक समूह, उद्यमी र पशुपालक कृषक समेतलाई बुझ्नु पर्दछ ।

(ग) "पुरस्कार" भन्नाले पेश भएका आयोजना अवधारणा पत्रहरूलाई यसै कार्यविधिले निर्धारण गरेको मापदण्ड र प्रकृयाका आधारमा उत्कृष्ट ठहर भए बापत प्रदान गरिने नगद वा जिन्सी पुरस्कार सम्झनु पर्दछ ।

(घ) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्दछ ।



Scanned by CamScanner

३. उद्देश्यः

यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(१) पशु सेवासँग सम्बन्धित विषयगत क्षेत्रहरु (Thematic Areas) मा देशव्यापी रुपमा आयोजना अवधारणा पत्र माग गर्ने र उत्कृष्ट हुने आयोजना अवधारणा पत्रको आवेदकलाई सम्मान स्वरुप पुरस्कृत गर्ने ।

(२) आयोजना अवधारणा पत्रहरुको संग्रह (PCN Bank) स्थापना गर्ने र आवश्यकता अनुसार उपयुक्त अवधारणा पत्रलाई कार्यक्रम वा आयोजनाको रूपमा कार्यान्वयन गर्ने ।

(३) पशुपंक्षी तथा पशुपंक्षीजन्य उत्पादन तथा उत्पादकत्वमा वृद्धिका लागि नविन सोच र अवधारणा मुताबिकका कार्यक्रम संचालनलाई प्रश्रय दिने ।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रक्रिया

४. आयोजना अवधारणा पत्र आह्वान र छनौटः

(क) आयोजना अवधारणा पत्रको विषयगत क्षेत्र (Thematic Areas):

पशुपालन व्यवसायलाई आयमूलक तथा सम्मानित पेशाको रुपमा विकास गरी समय सापेक्ष रूपमा पशु तथा पशुजन्य पदार्थको उत्पादन, व्यवसायीकरण एवं विविधिकरण गरी राष्ट्रिय उत्पादनमा योगदान पुर्याउने खालका आयोजना अवधारणा पत्रहरू प्राप्त गर्ने उद्देश्यले निम्न विषयगत क्षेत्रहरूमा आयोजना अवधारणा पत्र आव्हान गर्न सकिनेछ।

(१) पशु स्वास्थ्य प्रवर्द्धन तथा जुनोसिस नियन्त्रण (Animal Health Promotion and Zoonosis Control)

(२) पशु उत्पादकत्व प्रवर्द्धन तथा व्यवसायीकरण (Livestock Productivity Enhancement and Commercialization)

(३) पशुजन्य उत्पादन विविधिकरण, मूल्य श्रृंखला विकास तथा बजारीकरण (Livestock Product Diversification, Value Chain Development and Marketing)

(४) पशुपालन क्षेत्रमा जलवायु परिवर्तनको प्रतिकुल प्रभाव अनुकूलन तथा न्यूनिकरण गर्न उपयुक्त प्रविधि पहिचान तथा विस्तार (Identification and Dissemination of appropriate technology for the adaptation and mitigation of negative impact of climate change on livestock sector)

(५) पशु विकास सम्बन्धी क्षमता अभिवृद्धि, सशक्तिकरण तथा दक्ष जनशक्तिको विकास तथा परिचालन (Capability enhancement, empowerment, and development and mobilization of competent human resource in the sector of livestock development)

(६) भेटेरिनरी जनस्वास्थ्य प्रवर्द्धन (Promotion of Veterinary public health)

(७) पशु सेवासँग सम्बन्धित स्वरोजगार प्रवर्द्धन (Promotion of livestock based self-employment)

(८) पशु सेवा सम्बन्धी पूर्वाधार विकास तथा विस्तार (Development and expansion of infrastructure in livestock sector)

(९) पशु सेवासँग सम्बन्धित अन्य क्षेत्र (Other areas related to livestock services)



Scanned by CamScanner

(ख) पशु सेवा विभागले आफ्नो वार्षिक स्विकृत कार्यक्रम अनुसार राष्ट्रिय दैनिक तथा विभागको वेबसाइटमा आयोजना अवधारणा पत्र आह्वानको सूचना प्रकाशित गर्नेछ ।

(ग) इच्छुक आवेदकले अनुसूचि १ बमोजिमको फर्मेटमा आयोजना अवधारणा पत्र तयार गरी सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र पशु सेवा विभागमा रितपूर्वक दर्ता गर्नु पर्नेछ ।आयोजना अवधारणा पत्र नेपाली वा अंग्रजी भाषामा लेख्न सकिनेछ ।

(घ) आयोजना अवधारणा पत्रका लागि निर्धारित विषयगत क्षेत्र र बजेटको सिमा सूचना आव्हानमा तोकिए मुताबिक हुनेछ ।

(ङ) प्राप्त आयोजना अवधारणा पत्रहरूको प्रारम्भिक छनौटका लागि पशु सेवा विभागको वैदेशिक समन्वय शाखामा सचिवालय रहने गरी एक **आयोजना अवधारणा पत्र प्रारम्भिक छनौट कार्यदल** गठन गरिनेछ । सो कार्यदलको बनोट निम्न अनुसार हुनेछ ।

(१) कार्यक्रम निर्देशक, पशु सेवा तालिम तथा प्रसार निर्देशनालय..............संयोजक
(२) प्रमुख, राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र....................................सदस्य
(३) प्रमुख, भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालय.............. सदस्य
(४) प्रमुख, केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला..................................सदस्य
(५) प्रमुख, केन्द्रीय जैविकी उत्पादन प्रयोगशाला.................................. सदस्य
(६) प्रमुख, केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय.......................................सदस्य
(७) प्रमुख, वैदेशिक समन्वय शाखा, पशु सेवा विभाग..............................सदस्य सचिव

कार्यदलले आवश्यक ठानेमा पशु सेवासँग सम्बन्धित २ जनासम्म विषय विशेषज्ञ आमन्त्रण गर्न सक्नेछ ।

(च) आयोजना अवधारणा पत्र प्रारम्भिक छनौट कार्यदलले रितपूर्वक दर्ता हुन अएका आयोजना अवधारणा पत्रहरूलाई अनुसूचि २ र ३ बमोजिम प्रारम्भिक मूल्यांकन र योग्यताक्रम निर्धारण गरी ३० दिनभित्र आयोजना अवधारणा पत्र अनुमोदन समिति समक्ष पेश गर्नेछ ।

(छ) यसरी छनौट भई अनुमोदनका लागि पेश भएका अवधारणा पत्रलाई निम्न बमोजिमको **आयोजना अवधारणा पत्र अनुमोदन समितिले** उत्कृष्टताको अन्तिम निर्णय गरी पुरस्कारका लागि छनौट गर्नेछ ।

(१) महानिर्देशक, पशु सेवा विभाग........................................................अध्यक्ष
(२) उपमहानिर्देशक (प्रशासन), पशु सेवा विभाग..........................................सदस्य
(३) उपमहानिर्देशक (योजना), पशु सेवा विभाग.............................................सदस्य
(४) कार्यक्रम निर्देशक, पशु स्वास्थ्य निर्देशनालय.........................................सदस्य
(५) कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय.........................................सदस्य
(६) कार्यक्रम निर्देशक, पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय.........................सदस्य
(७) प्रतिनिधि, योजना महाशाखा, कृषि विकास मन्त्रालय..............................सदस्य
(८) व.कृ.अ.वि (अनुगमन तथा मूल्यांकन शाखा), पशु सेवा विभाग................सदस्य
(९) प्रमुख लेखा नियन्त्रक, पशु सेवा विभाग..............................................सदस्य
(१०) कानुन अधिकृत, पशु सेवा विभाग................................................. सदस्य
(११) कार्यक्रम निर्देशक, पशु सेवा तालिम तथा प्रसार निर्देशनालय................सदस्य सचिव



Scanned by CamScanner

समितिले आवश्यक ठानेमा अन्य निकायबाट २ जनासम्म प्रतिनिधिहरु आमन्त्रण गर्न सक्नेछ ।आयोजना अवधारणा पत्र सम्वन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार आयोजना अवधारणा पत्र अनुमोदन समितिमा रहनेछ ।

## परिच्छेद ३
## पुरस्कार

५. आयोजना आयोजना अवधारणा पत्र अनुमोदन समितिले उत्कृष्ट ठहर गरेका कम्तिमा तीनवटा आयोजना अवधारणा पत्रहरूलाई पशु सेवा विभागले स्विकृत वार्षिक कार्यक्रमको परिधिभित्र रही देहाय वमोजिमको पुरस्कार प्रदान गर्नेछ ।

(क) प्रथम.............रु. १००,००० ( अक्षरेपि एकलाख मात्र)

(ख) द्वितीय............रु. ५०,००० (अक्षरेपि पचास हजार मात्र)

(ग) तृतीय.............रु. ३०,००० (अक्षरेपि तिस हजार मात्र)

(घ) सान्त्वना..........रु.१०,०००(अक्षरेपि दश हजार मात्र) दुइजनालाई ।

## परिच्छेद ४
## विविध

६. आयोजना अवधारणा पत्रहरुको संग्रह (PCN Bank) पशु सेवा विभागको वैदेशिक समन्वय शाखामा अद्यावधिक गरी राखिनेछ र त्यस्ता आयोजना अवधारणा पत्रहरूको सम्पूर्ण स्वामित्व पशु सेवा विभागको हुनेछ ।

७. स्वीकृत वार्षिक कार्यक्रमको वजेट परिधिभित्र रही आयोजना अवधारणा पत्र प्रारम्भिक छनौट कार्यदल र आयोजना अवधारणा पत्र अनुमोदन समितिको बैठक भत्ता तथा खाजा खर्च बापत अर्थ मन्त्रालयको कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम खर्च गर्न सकिनेछ ।

८. यस कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

९. पशु सेवा विभागको सिफारिसमा कृषि विकास मन्त्रालयले यो कार्यविधिमा आवश्यक्ता अनुरूपको संशोधन वा खारेजी गर्न सक्नेछ ।



Scanned by CamScanner

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुसूचि-१
(दफा ४(ग) संग सम्बन्धित)

आयोजना अवधारणा पत्र फारमको ढाँचा

**FORMAT FOR PROJECT CONCEPT NOTE (PCN)**

| पशु सेवा विभाग संकेत नं. | |
|---|---|

क) आवेदक सम्बन्धी विवरण **Contact Details**

| | |
|---|---|
| आयोजना अवधारणा पत्रको विषयगत क्षेत्र<br>**Thematic area** | |
| आयोजना अवधारणा पत्रको शिर्षक<br>**Project Title** | |
| आवेदकको नाम<br>**Applicant's Name** | |
| आवेदकको ठेगाना<br>**Applicant's address** | |
| पेशा **Occupation** | |
| टेलिफोन **Telephone** | |
| इमेल **Email** | |
| फ्याक्स **Fax** | |
| प्रस्तावित आयोजनाको कार्य क्षेत्र | |
| प्रस्तावित आयोजनाको कूल खर्च<br>**Total Cost of the Project** | |
| प्रस्तावित आयोजनाको अवधि<br>**Duration of the Project** | |
| लाभान्वित हुने संख्या र किसिमः<br>**No. and Type of Beneficiaries** | |

ख) आयोजना अवधारणा पत्र फारम ढाँचा

**Format of Project Concept Note (PCN)**

| | |
|---|---|
| १ आयोजना अवधारणा पत्रको शिर्षक<br>**Project Title** | |
| २ आयोजनाको पृष्ठभूमि (५०० शब्दमा नबढाई)<br>**Project Background (Guideline - 500 words)** | आयोजनाको पृष्ठभूमि स्पष्टसँग लखिएको हुनुपर्ने छ । यो आयोजनाले सम्बोधन गर्न चाहेको समस्या, चुनौती र अवसरहरुको महत्त्वको संक्षिप्त पृष्ठभूमि हो । पृष्ठभूमिमा यो क्षेत्रमा भए गरेका महत्त्वपूर्ण कार्यहरुको लघु सारांश पनि समावेश भएको हुनुपर्ने छ ।<br>The background of the project should be clearly written. This is a concise background to describe the importance |



Scanned by CamScanner

| | |
|---|---|
| | of the problems, challenges and opportunities that the project is seeking to address.<br>The background should also include a very brief summary of any significant work already carried out in this area. |
| ३ आयोजनाको उपादेयता (५०० शब्दमा नबढाई)<br>**Project Justification (Guideline - 500 words)** | आयोजनाले पहिचान भएका चुनौती र समस्या समाधानका लागि पुर्याउने योगदानका साथै आयोजना मार्फत् हुने रोजगारी सिर्जना, गरिबी निवारण, आम्दानी वृद्धि, आदि<br>Contribution of the project towards solving the identified challenges and problems<br>Generation of employment opportunities, poverty alleviation, increase in income, etc. because of the project |
| ४ आयोजनाको उद्देश्य (२०० शब्दमा नबढाई)<br>**Project Objectives (Guideline - 200 words)** | |
| ५ आयोजनाको कार्ययोजना तथा कार्यनीतिहरु (१००० शब्दमा नबढाई)<br>**Projects methodology (Guideline - 1000 words)** | कार्यक्रमको उपलब्धि हासिल गर्नका लागि संचालन गरिने कार्यक्रमको योजनाबद्ध रुपरेखा र विश्लेषण<br>आयोजनाको कार्यान्वयन, समन्वय र अनुगमन प्रक्रिया<br>Planned outline and analysis of the programs and activities to be conducted so as to achieve the outputs of the project<br>Implementation, Coordination and Monitoring of the project |
| आयोजना कार्यान्वयन विधि (३०० शब्दमा नबढाई) | |
| ६ आयोजनाको उपलब्धिहरु (२०० शब्दमा नबढाई)<br>**Project Outputs (Guideline -200 words)** | कार्यक्रम मार्फत् हुने उपलब्धि तथा प्रतिफलहरु<br>Outputs of the work |
| ७ लाभान्वित हुने संख्या, किसिम र स्थान (२०० शब्दमा नबढाई)<br>**No., Type and location of Beneficiaries (Guideline - 200 words)** | |
| ८ मुख्य मान्यताहरु (२०० शब्दमा नबढाई)<br>**Major Assumptions (Guideline - 200 words)** | आयोजना कार्यान्वयनको सिलसिलामा उत्पन्न हुन सक्ने अप्रत्यासित समस्याहरु (आर्थिक, सामाजिक वातावरणीय तथा अन्य) र समाधानको लागि केही कियाकलापहरु प्रस्तावित गरिएको भए त्यसको छोटकरी विवरण<br>Includes those factors which might contribute to the project failing to achieve its objectives (along with a short description of the proposed activities for solution, if any) |
| ९ वातावरण तथा सामाजिक सुरक्षाका उपायहरु<br>**Environmental and Social Assessment** | |
| १० तार्किक रुपरेखा **The logical framework** | |
| ११ आयोजनाको बजेटको छोटकरी विवरण<br>**Financial Summary** | प्रस्तावित क्रियाकलापहरुको लागत अनुमानको विस्तृत प्रस्तावित खर्च अनुमान विवरण<br>Financial analysis of project and total budget required to implement the full-term project |



Scanned by CamScanner

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

# अनुसूची-२

(दफा ४(च) संग सम्बन्धित)

प्रस्ताव बुझाएको मितिः

दर्ता नं.

| | आवश्यक कागजातहरु<br>Necessary documents | आवश्यक कागजात संख्या<br>No. of documents | आयोजना अवधारणा पत्र प्रारम्भिक छनौट कार्यदल<br>Official Use (verification) |
|---|---|---|---|
| १ | निवेदन<br>Application | एक प्रति<br>1 copy | |
| २ | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (व्यक्तिगत आवेदकका लागि) वा समूह/समिति/सहकारी/संस्था दर्ता प्रमाणपत्र<br>Copy of the Nepalese Citizenship certificate (for personal applications) or Registration certificate of the group/committee/co-operative/firm | एक प्रति<br>1 copy | |
| ३ | अनुसूचि १ को फर्मेट बमोजिमको आयोजना अवधारणा पत्र<br>Duly filled up PCN (according to the format in Annex 1) | एक प्रति<br>1 copy | |

| |
|---|
| १ आयोजनाको विषयगत क्षेत्रको समस्या पहिचान र यसको सान्दर्भिकता **(Problem Identification and its relevance)** |
| प्रतिक्रिया **Comment:** |
| २ आयोजनाको उपादेयता **(Project Justification)** |
| प्रतिक्रिया **Comment:** |
| ३ आयोजनाको उद्देश्य **(Project Objectives)** |
| प्रतिक्रिया **Comment:** |
| ४ आयोजनाको कार्ययोजना तथा कार्य नीतिहरु **(Projects methodology)** |
| प्रतिक्रिया **Comment:** |
| ५ आयोजनाको उपलब्धीहरु **(Project Outputs)** |
| प्रतिक्रिया **Comment:** |
| ६ लाभान्वित हुने संख्या, किसिम र स्थान **(No., Type and location of Beneficiaries)** |
| प्रतिक्रिया **Comment:** |
| ७ मुख्य मान्यताहरु **(Major Assumptions)** वातावरण तथा सामाजिक सुरक्षाका उपायहरु **(Environmental and Social Assessment)** |
| प्रतिक्रिया **Comment:** |
| ८ तार्किक रुपरेखा **(The logical framework)** |
| प्रतिक्रिया **Comment:** |
| ९ आयोजनाको बजेटको छोटकरी विवरण **(Financial Summary)** |
| प्रतिक्रिया **Comment:** |

**Name of Reviewer** **Sign** **Date**



Scanned by CamScanner

अनुसूचि-३

(दफा ४(च) संग सम्वन्धित)

Summary of evaluation

नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

**Code:**

| **Total Marks Obtained** | /100 |
|---|---|

| क्र. सं | आयोजनाको मुल्याङ्कनका आधारहरु | स्कोर | केन्द्रीय आयोजना अवधारणा पत्र मूल्यांकन समिति बाट स्कोर |
|---|---|---|---|
| १ | आयोजनाको विषयगत क्षेत्रको समस्या पहिचान र यसको सान्दर्भिकता **Problem Identification and its relevance** | १० | |
| २ | आयोजनाको उपादेयता **Project Justification** | १० | |
| ३ | आयोजनाको उद्देश्य **Project Objectives** | ५ | |
| ४ | आयोजनाको कार्ययोजना तथा क्रियाकलापहरु **Project methodology** | २० | |
| ५ | आयोजनाको उपलब्धीहरु **Project Outputs** | १० | |
| ६ | लाभान्वितको संख्या, किसिम र स्थान **No., Type and location of Beneficiaries** | १० | |
| ७ | मख्य मान्यताहरु **Major Assumptions** वातावरण तथा सामाजिक सुरक्षाका उपायहरु **Enviromental and Social Assessment** | ५ | |
| ८ | तार्किक रुपरेखा **The logical framework** | १५ | |
| ९ | आयोजनाको बजेटको छोटकरी विवरण **Financial Summary** | १५ | |

**Name of Reviewer** **Sign** **Date**

मूल्यांकनको नतिजा Result of Evaluation

| कूल प्राप्तांक **Marks Obtained** | वर्गीकरण **Classification** |
|---|---|
| ८० र >८० | उत्कृष्ट Excellent |
| ७० देखी ८० | धेरै राम्रो Very Good |
| ६० देखी ७० | राम्रो Good |
| ५० देखी ६० | ठिकै Fair |



Scanned by CamScanner